# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २४ असार २०८०

# आइतवार

# बैठक सङ्ख्या- २५

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:३१ बजे प्रारम्भ भयो ।

(११:३५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(प्रमुख प्रतिप्रक्ष ने.क.पा. एमालेका माननीय सदस्यहरूले टेबुल ठोक्दै आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**सम्माननीय अध्यक्षः**- माननीय भगवती न्यौपाने । सङ्क्षेपमा आफ्नो भनाइ राख्नु ।

(११:३५ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी अहिले प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले मुख्यपात्र भएर प्रहसन गरिरहनुभएको नाटक हेरिरहेका छौं । वास्तवमा पास्ट हिस्ट्री सम्झिन मन लाग्दैन । विगतमा पनि जनयुद्ध गर्दै गर्दाखेरि वहाँ र एक जना नेताले भारतलाई लेखेको पत्र पछि सार्वजनिक भएको थियो । वहाँ धेरै ढाँट्नुहुन्छ देशलाई । वहाँ धेरै ढाँट्नुहुन्छ नेपाली

जनतालाई । वहाँ स्वाधीनताको विरुद्धमा धेरैपटक उभिनुभएको छ । वहाँका यस्ता कर्तुतहरू विगतमा पनि धेरै देखिए । मैले दृष्टान्तको रूपमा मात्रै केही विगतको कुरा जोड्दै छु । एमसीसीको विरुद्धमा, एमसीसीको बारेमा वहाँविरुद्ध यहाँ नेपालमा बोल्नुभो' तर एमसीसी बोर्डलाई पत्र लेख्नुभो' एमसीसी पारित गर्ने वाचा गरेर, प्रतिबद्धता जनाएर, गठबन्धनका दुइटा नेताले हस्ताक्षर गरेर प्रतिबद्धतासहितको पत्र लेख्नुभो' यति समय सीमा पास गर्छौं भनेर लेख्नुभो' तर त्यही एमसीसी त्यही समय सीमा भित्र पारित गर्नुभो' यहाँ कार्यकर्तालाई उफार्नुभो । मैले यो दृष्टान्त किन दिँदै छु भने वहाँ नाटक गर्न धेरै सिपालु हुनुहुन्छ । वहाँले स्वाधीनताका विरुद्धमा, यो देशको राष्ट्रियताको विरुद्धमा, स्वाभिमानका विरुद्धमा पटक पटक धावा बोल्नुभएको छ । भारतलाई नेपालको सरकार बनाउन खुला रूपमा आमन्त्रण गर्नुभएको छ । योभन्दा अगाडि पनि केही वर्षअगाडि पनि भारतका निम्ति कम्फर्टेबल सरकार बनाउनका निम्ति भारतलाई खुला रूपमा सहयोग माग्नुभो' र आमन्त्रण गर्नुभो' । यो यो दल भयो भने भारतका निम्ति कम्फर्टेबल हुन्छ भनेर हुँदै जाँदा उहाँले त्यस्ता गल्तीहरू धेरै गर्नुभो' । म धेरै वर्षअगाडिका कुरा गर्दिनँ । केही समयअगाडि भारतमा जाँदै गर्दाखेरि पनि वहाँले धेरै राष्ट्रघाती सहमति गरेर आउनुभएको छ । हामीले प्रश्न उठायौं । यही सदनमा प्रश्न उठायौं । ईपीजीको बारेमा तपाईं बोल्नुभएको कि भएन प्रधानमन्त्रीज्यू? के कुरा राख्नुभो' भारतमा गएर । भनेर भन्दै गर्दा वहाँले यही सदनमा यही सम्मानित सदनमा उत्तर दिनुभो' मैले ईपीजीको बारेमा केही कुरा उठाएँ भने उठा'को भए । वातावरण, माहोल बिग्रिन्थ्यो । म खत्रक्क पर्थें कि भनेर खत्रक्कै परिन्छ कि भनेर त्यो कुरा उठाइन भनेर भन्नुभो' । त्यस्तै वहाँले ग्रेटर भारतको नाममा भारतले नक्सा प्रकाशन गर्दै गर्दा त्यो नक्सा नेपालको भूमि, नेपालको माटो समेटिएर प्रकाशन गरेको नक्सा हेरेर आउनुभो' । वहाँलाई दुखेन । वहाँलाई अलिकति पनि पीडा भएन । वहाँलाई अलिकति पनि पोलेन । त्सस्तै गरेर फुकोट कर्णाली जो आर्थिक वर्ष ०७६/०७७ मा मन्त्रिपरिषद्ले पास गरेर संसदबाट नीति कार्यक्रममा नेपालले बनाउने नेपालको पानी जनताको लगानी कार्यक्रमअन्तर्गत नेपालले नै बनाउने भनेर नेपालको संसदले पारित गरेको फुकोट कर्णाली वहाँले भारतलाई सुम्पिएर आउनुभो' । त्यस्ता राष्ट्रघाती काम गर्दाखेरि प्रधानमन्त्रीज्यू तपाईंले पुर्खाहरूको इतिहास सम्झिनुभएन । पुर्खाहरूले बचाएको यो देश जोगाएको, यो देश बलभद्र, भक्ति थापा, अमर सिंहहरूले गरेको योगदान सम्झिनुभएन? त्यसैले तपाईं म दुर्लभ प्रधानमन्त्री हो भनेर जसरी दावाका साथ भन्नुभएको छ । दुर्लभ प्रधानमन्त्रीले गर्ने यस्तै हर्कत राष्ट्रियताका विरुद्ध स्वाधीनताका विरुद्ध कति पटक सहने? अहिले पछिल्लो दिनमा वहाँले जे गर्नुभो' म भन्न चाहन्छु प्रधानमन्त्रीज्यू तपाईंका धेरै कर्तुतहरू पछि खुल्दै जान्छन् । त्यसैले तपाईंले अहिले नै भरी एकमुष्ट रूपमा यो संसदमा आएर होइन । संसदलाई त तपाईंले धेरै अपमान गर्नुभो', संविधान

च्यात्नुभो', कानुन च्यात्नुभो', संसदलाई अपमान गर्नुभो', संसदले बनाउने होइन प्रधानमन्त्री भन्ने सन्देश दिने गरी अरू नै छिमेकी देशले बनाउने हो भन्ने सन्देश दिने गरी प्रस्तुत हुनुभो' संसदमा होइन । बाहिर कतै कसको पुस्तक विमोचनमा गएर बरु एकमुष्ट रूपमा भन्नु भन्नुस् प्रधानमन्त्रीज्यू तपाईंले यो देशमा राजनीतिक हस्तक्षेपको निम्ति को कोलाई प्रयोग गर्नुभएको छ? को कोलाई प्रयोग गरेर पत्र पठाउनुभएको छ । भोलि भविष्यले खोज्ला खुल्ला बरु किस्ताबन्दीमा भन्दा कतिपटक विवादित हुनुहुन्छ । यो पटक भन्दिनुहोला । (**<u>सम्माननीय अध्यक्ष</u>**ः- सङ्क्षेपमा । माननीयज्यू सङ्क्षेपमा कुरा राख्नुहोला ।) म अब अन्तिममा कुरा टुङ्ग्याउँदै छु । सम्माननीय अध्यक्षज्यू, त्यसैले म भन्न चाहन्छु । अब तपाईंले संसदलाई जवाफ दिन आवश्यक छैन । किनभने तपाईंको कुरा प्रष्टसँग आइसकेको छ । तपाईंले प्रष्टसँग भनिसक्नुभएको छैन र? बाहिर भाषण गर्दै हुनुहुन्छ अझ यो मैले बोलेको होइन भनेर प्रष्टसँग तपाईंले बोलेको तपाईंको स्वर तपाईंको आवाज आएन र प्रधानमन्त्रीज्यू तपाईंले भन्नुभएको यही होइन र मलाई प्रधानमन्त्री बनाउनका निम्ति एकपटक मलाई प्रधानमन्त्री बनाउनका निम्ति धेरै मेहनत गर्नुभो' प्रीतम सिंहले धेरैपटक भारत जानुभो' यो प्रष्ट तपाईंले भनेको होइन? अनि मैले त अर्कैको बोली बोल्दिएको भनेर भन्ने नैतिकता छैन प्रधानमन्त्रीज्यू? देश कसरी चल्छ? त्यो नैतिकताले चल्छ । कि कानुन र संविधानले चल्छ । (**<u>सम्माननीय अध्यक्ष</u>**ः- छोट्यौं माननीयज्यू छोट्यौं ।) म छोट्याइहालें सम्माननीय अध्यक्षज्यू । किनभने यो स्वाधीनताको विषय हो । यो राष्ट्रियताको विषय हो । यो सामान्य कुरा होइन । त्यसैले मैले छोट्याइहालें । त्यसैले तपाईं यो संसदमा आएर जवाफ दिन लायक प्रधानमन्त्री हुनुहुन्न र प्रधानमन्त्रीको कुर्सीमा बस्न योग्य पनि हुनुहुन्न । त्यसैले एउटा मात्रै समाधान भनेको तपाईंको बहिर्गमन हो । यो तपाईंको बहिर्गमन नहुँदासम्म हाम्रो माग जारी हुन्छ । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिनुभएको ।)

**(११:४३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, यहाँहरूले निरन्तर आफ्ना भनाइहरू राखुभा'को छ । तर अब यसरी निरन्तर सदन अवरोध गरेर मात्रै पनि समस्याको समाधान देखिरा'खेको छैन । त्यसकारण आफ्ना भनाइहरू पनि राख्दै सदनलाई पनि अगाडि बढाउँदै गर्दाखेरि यो राष्ट्रिय सभाको प्रभावकारिता पनि हुन्छ । यसकारण म माननीय

सदस्यहरूलाई आसन ग्रहण गर्न र यसलाई नियमित सञ्चालनको लागि वातावरण बनाउन आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

(माननीय सदस्य मोबाइल बन्द गर्नुस् । स्विच अफ गर्नुस् मोबाइल ।)

माननीय सदस्यहरू, म यहाँहरूलाई फेरि पनि बस्न आग्रह गर्दछु । किनकि हामी संवादबाट नै निष्कर्षमा पुग्नुपर्ने हुन्छ । मलाई विश्वास छ । नेताहरू शीर्ष नेताहरू छलफल संवादमा लाग्नुहुने छ । हामीले आफ्ना विषयहरूलाई पनि उठान गर्ने सँगसँगै संसदको नियमित कार्यवाहीलाई पनि अगाडि बढाउँदै गर्दाखेरि नै हामी ठिक ठाउँमा पुग्न पनि सक्छौं । र त्यसले राष्ट्रिय सभाको गरिमा पनि बढाउँछ । यसकारण म माननीयहरूलाई बसेर आफ्नो आसन ग्रहण गरेर यो बैठकलाई सुचारु गर्न सहयोग गर्नको लागि आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको आफ्नै विशेषता यसको आफ्नै मौलिकता पनि छ । र हामीले त्यो भूमिकालाई विगतमा पनि राम्रैसँग निर्वाह गर्दै आएका छौं । र माननीयहरूलाई म फेरि पनि आग्रह गर्दछु । त्यो भूमिकालाई अझ प्रभावकारी बनाउन रचनात्मक हिसाबले आफ्ना विरोध र आफ्ना भनाइलाई पनि जारी राख्ने र सभालाई पनि सञ्चालन गर्दै जाने त्यो सबैभन्दा राम्रो तरिका हुन सक्छ । यसकारण म माननीयहरूलाई यही जिम्मेवारीबोधका साथ आफ्नो आसन ग्रहण गरेर सभालाई नियमित सञ्चालन गर्न सहयोग गर्न पुनः आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

माननीयहरू बस्नुस् । १५ मिनेटभन्दा बढी भैसक्यो । कति उभिने अब त बस्नुस् । यसलाई नियमित सञ्चालन गरौं ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सबै माननीय सदस्यहरू र माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

माननीय सदस्यहरू, आज लगातार ४ दिन संसद अवरोध हुँदै आएको छ । संसद सुचारु गर्न सम्माननीय प्रधानमन्त्रीले सत्तापक्ष र प्रतिपक्षका शीर्ष नेताहरूको बैठक राखी आपसी संवादको माध्यमबाट उपयुक्त निकास निकाल्न म आह्वान गर्दछु ।

माननीय सदस्यहरू आज छलफलका लागि निर्धारण गरिएका विनियोजन विधेयक शीर्षकहरूमाथि असार २५ गतेको बैठकमा छलफल हुने बेहोरा जानकारी गराउँछु । साथै सम्बन्धित मन्त्रीहरूबाट जवाफ दिनका लागि पूर्वनिर्धारित कार्यतालिकामा पुनः परिमार्जन गरी यही असार २६ गतेको दिन निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार २५ गते सोमवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार २५ गते सोमवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः ११:५९ बजे ।**